मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः १ | अङ्कः ७ | मितिः २०७९ माघ १० गते, मंगलबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## मर्स्याङ्दी शैक्षिक महोत्सव २०७९ विशेष तस्बिरहरु























Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः १ | अङ्कः ७ | मितिः २०७९ माघ १० गते, मंगलबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति







## मर्स्याङ्दी शैक्षिक महोत्सव २०७९ सम्पन्न




मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा शैक्षिक गुणस्तर वृद्धिसँगै अतिरिक्त क्रियाकलापमा विद्यार्थी र शिक्षकलाई क्रियाशिल बनाउन सहयोग पुग्ने अपेक्षा सहित मिति २०७९ पुष २६ गते देखि माघ २ गते सम्म सञ्चालन भएको मर्स्याङ्दी शैक्षिक महोत्सव २०७९ विभिन्न कार्यक्रमहरु सहित समापन भएको छ । महोत्सवको उद्घाटन संविधान सभा सदस्य जमिन्द्रमान घले ज्यूले गर्नुभएको थियो । उहाँले समग्र शिक्षा क्षेत्रको विकास नै आजको युगको आवश्यकता भएको र सो कार्यको लागि सम्पूर्ण पक्ष एकजुट भएर लाग्नुपर्ने धारण समेत व्यक्त गर्नुभएको थियो । उक्त शैक्षिक महोत्सवमा नेपाली काँङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपाका प्रतिनिधिहरुले आ-आफ्नो कार्यपत्र पेश गर्नुभएको थियो ।सात दिन सम्म सञ्चालन हुने उक्त महोत्सवको पहिलो







दिन पुस २६ गते उद्घाटन समारोह, शुभकामना मन्तव्य, कार्यपत्र प्रस्तुतको साथै विद्यार्थीहरुद्वारा निर्मित शैक्षिक सामाग्री प्रदर्शनी, विद्यार्थीहरुको साँस्कृतिक प्रस्तुति रहेको थियो भने शैक्षिक गुणस्तर सुधारमा थप टेवा पुग्ने उद्देश्यका साथ पुस २७ देखि २९ सम्म मोटिभेसनल स्पिकर डा. तारा प्रसाद गिरी ज्यूले शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, अभिभावक तथा विद्यार्थीहरुलाई मोनटिभेसनल तालिम प्रदान गर्नुभएको थियो । यसै गरी पुष ३० गते बाट माघ २ गते सम्म मर्स्याङ्दी कप खेलकुद कार्यक्रम सञ्चालन भएको थियो जसमा छात्र/छात्रा भलिबल, फुटबल, गणित दौड, हाइजम्प, लङजम्प, ज्यावलिङ् थ्रो, सटपुट लागायतका खेलहरु भएका थिए । जसमा त्रिभुवन मा.वि. प्रथम, महेन्द्रदेव मा.वि. द्धितिय र हिमचुली आ.मा.वि तृत्तीय स्थान हासिल गर्न सफल भएका थिए ।महोत्सवको समापनमा गाउँपालिकाका अध्यक्ष तथा कार्यक्रमका अध्यक्ष अर्जुन गुरुङ ज्यूले समग्र शैक्षिक महोत्सव लाभदायी भएको र आगामी वर्षहरुमा यसलाई निरन्तरता दिने प्रतिबद्धता सहित गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्नको लागि गाउँपालिकाले कुनै कसर बाँकी नराखे र यस्ता उद्देश्यमूलक कार्यमा सम्पूर्ण पक्षलाई सहयोगको लागि आग्रह समेत गर्नुभएको थियो ।




Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः १ | अङ्कः ७ | मितिः २०७९ माघ १० गते, मंगलबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः प्रेमचन्द्र अर्याल | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


## उद्यमशीलता विकास तालिम अन्तर्गत विभिन्न कार्यक्रम सम्पन्न

मिति २०७९ पुष १ गते गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत उद्यमशीलता विकास तालिम मर्स्याङ्दी गाउँपालिका वडा नम्बर -५,घेर्मुमा यसै वडाका कार्यवाहक अध्यक्ष श्री बिछा बहादुर गुरुङ ज्यूको अध्यक्षतामा, मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूको प्रमुख अतिथ्यतामा सञ्चालन सम्पन्न भएको थियो भने मिति २०७९





पुष १९ गते गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत मर्स्याङ्दी गाउँपालिका वडा नम्बर - ५, घेर्मु र खानीगाउँमा दुईवटा समुहमा संचालन भएको उद्यमशीलता विकास तालिम अन्तर्गत (व्यवसाय सचेतता, व्यवसाय शुरु र लैंगिक समानता तथा सामाजिक समावेशीकरण ) तालिम यसै वडाका अध्यक्ष श्री घनश्याम घले ज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।





## मानसिक स्वास्थ्य सम्बन्धी २ दिने निःशुल्क शिविर सम्पन्न

मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा मिति २०७९ पुष २२ र २३ गते वरिष्ठ मनोचिकित्सक सहितको निशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको थियो । उक्त शिविरमा मर्स्याङ्दी गाउँपलिकाका ४३ जना महिला वर ४० जना पुरुष सहित जम्मा ८३ जना सेवाग्राहीहरुले सेवा प्राप्त गरेका थिए । कार्यक्रमको प्रारम्भमा गाउँपालिकाका अध्यक्ष लागायत वडा








अध्यक्ष ज्यूहरुको उपस्थिति रहेको थियो भने कार्यक्रमको प्रारम्भमा गाउँपालिकाको अध्यक्ष लगायत वडा अध्यक्ष ज्युहरुको उपस्थित रहेको थियो ।



## फोहोरमैला संकलन कार्य पुनः सञ्चालनमा

मर्स्याङ्दी नदीमा आएको बाढीका कारण स्थगित भएको फोहोर संकलन कार्य संकलन तालिका सहित मिति २०७९ पुष १ गतेबाट पुन सुचारु भएको छ । सोही कार्यको सुरुवात गर्ने क्रममा मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुङ गुरुङ ज्यूले सफा मर्स्याङ्दी अभियानमा सबै जुटौं ।

मर्स्याङ्दी गाउँपालिकाको फोहोर संकलन समय तालिका

| गते | स्थानहरु |
|---|---|
| १ | च्याम्चे - जगत - स्याङ्गे - रामबजार |
| २ | बगैचा, बगुवा, पूर्वेली टोल, खुदी, बुद्धबजार, टारीकुना, सिनोहाईड्रो, भुलभुले, ङादी, दोभानचौर |
| ३ | खाली |
| ४ | घनपोखरा - नायूँ - भाचे - रोप्लेफाँट - पैयुखोला |
| ५ | कालाधिरिङ - शिउरुङ - ढगै - तरापु - पल्लाटारी |
| ६ | बगैचा, बगुवा, पूर्वेली टोल, खुदी, बुद्धबजार, टारीकुना, सिनोहाईड्रो, भुलभुले, ङादी, दोभानचौर |
| ७ | बिदा |
| ८ | लिली भिर - खोरीयाखेत - बाहुँनडाँडा - लाम्पाटा |
| ९ | ताराचोक - नाईचे - ठुलोबेसी |
| १० | खाली |
| ११ | बगैचा, बगुवा, पूर्वेली टोल, खुदी, बुद्धबजार, टारीकुना, सिनोहाईड्रो, भुलभुले, ङादी, दोभानचौर |
| १२ | च्याम्चे - जगत - स्याङ्गे - रामबजार |
| १३ | छिनखोला - उस्ता - ङादी |
| १४ | बिदा |
| १५ | बगैचा, बगुवा, पूर्वेली टोल, खुदी, बुद्धबजार, टारीकुना, सिनोहाईड्रो, भुलभुले, ङादी, दोभानचौर |
| १६ | नयाँगाउँ - ताङ्लीचोक - तराञ्चे |
| १७ | भुस्मे - हात्तीरुख - अम्बोटे - बान्द्रे - सिमलचौर - बत्तिसेमुल |
| १८ | खाली |
| १९ | बगैचा, बगुवा, पूर्वेली टोल, खुदी, बुद्धबजार, टारीकुना, सिनोहाईड्रो, भुलभुले, ङादी, दोभानचौर |
| २० | च्याम्चे - जगत - स्याङ्गे - रामबजार |
| २१ | बिदा |
| २२ | लामागाउँ - गैरागाउँ - सुवेदी गाउँ - खुदी |
| २३ | बगैचा, बगुवा, पूर्वेली टोल, खुदी, बुद्धबजार, टारीकुना, सिनोहाईड्रो, भुलभुले, ङादी, दोभानचौर |
| २४ | खाली |
| २५ | खाली |
| २६ | पाम्पचोक - सेग्ले - भलामचौर - सिम्पानी - भलाम |
| २७ | बगैचा, बगुवा, पूर्वेली टोल, खुदी, बुद्धबजार, टारीकुना, सिनोहाईड्रो, भुलभुले, ङादी, दोभानचौर |
| २८ | बिदा |
| २९ | खाली |
| ३० | खाली |

नोट :

१. नकुहिने फोहोर मात्रै संकलन गरिनेछ । कुहिने फोहोरको व्यवस्थापन आफैंले गुर्न पर्नेछ ।

२) कुनै कारणवस निर्धारित स्थानको फोहोर संकलन गर्न नसक्ने परिस्थिति भएमा त्यस पछिको खाली दिनमा वा विदाको दिन सो काम गरिनेछ ।

३) सम्पूर्ण टोल विकास संस्थाहरुलाई आ-आफ्नो टोलमा फोहोर लिन आउने दिनको अघिल्लो दिन टोल सरसफाई कार्यक्रम नियमित गरि नकुहिने फोहोर मात्र सडकको निश्चित स्थानमा संकलन गर्नु हुन अनुरोध छ ।

४) फोहोर मैलाको सहि व्यवस्थापन अबको चुनौति हुन सक्दछ त्यसैले यसको समयमै समुचित व्यवस्थापन गर्न हामी सबैको

कुहिने फोहोरहरु घर घरबाटै व्यवस्थापन गरौं ! नकुहिने फोहोरहरु मात्रै संकलन गरौं र गाउँपालिकाको ट्र्याक्टर आउने समय तालिकामा संकलन केन्द्र पठाऔं ! नकुहिने सबै फोहोरहरुलाई पुन प्रयोगको लागि संकलन गरेर पठाइनेछ ! हामी सबैको प्रयत्नले मात्रै यो सफा मर्स्याङ्दी अभियान सफल हुन सक्दछ ! भन्ने लगायतका अपिल व्यक्त गर्नुभएको थियो ।





Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

विविध | क्रियाकलाप
# मर्स्याङ्दी बुलेटीन
वर्षः १ अङ्कः ७ मितिः २०७९ माघ १० गते, मंगलबार
संरक्षकः अर्जुन गुरुङ सल्लाहाकारः प्रेमचन्द्र अर्याल प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा ब्यवस्थापन सम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न





मिति २०७९ पुष १३ गते मर्स्याङ्दी गाउँपालिकाको समन्वय तथा सामाजिक विकास कार्यलय लमजुङको आयोजनामा "बालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा ब्यवस्थापन सम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम" मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।



## कुष्ठरोग खोजपड्ताल कार्यक्रम सम्पन्न



स्वास्थ्य कार्यालय लमजुङको आयोजना तथा मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा मिति २०७९ पुष २७ गते मर्स्याङ्दी गाउँपालिका वडा नं ७ ताराचेमा कुष्ठरोग सक्रिया खोजपड्ताल कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमको मुख्य लक्ष्य समुदायमा लुकेर बसेका कुष्ठरोगीहरुको उचित पहिचान गरी त्यसको निराकरण गर्ने रहेको थियो ।





## ह्युलमुनी छोईलिङ गुम्बाको शिलान्यास कार्यक्रम सम्पन्न

मर्स्याङ्दी गाउँपालिका भित्र रहेका मठमन्दिर तथा गुम्बाको निर्माण, संरक्षण र प्रवर्द्धन गर्ने हेतुले मर्स्याङ्दी गाउँपालिका वडा नं ८, भुलभुलेमा निर्माण गर्न लागिएको ह्युलमुनी छोईलिङ गुम्बाको शिलान्यास गाउँपालिकाका अध्यक्ष अर्जुन ज्यूले मिति २०७९ पुष ०७ गते गर्नुभएको थियो । उक्त शिलान्यास कार्यक्रममा वडा नं. ८ का वडा अध्यक्ष धन सिङ्ग तामाङ, माथिल्लो मर्स्याङ्दी जलविद्युत आयोजना सरोकार तथा समन्वय समितिका अध्यक्ष जित बहादुर गुरुङ, हिमचुली आवाशीय मा. बि. बि ब्य समितिका अध्यक्ष नन्दराज तामाङ, वडा प्राबिधिक तथा स्थानीय बासिको उपस्थिति थियो ।





## मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

- भरत राज बाँस्तोला
- बसन्त बरुवाल
- सुनिता दशौंदी
- रुपा वंशी मगर
- सरोज गुरुङ


Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal